# वजार अनुगमन तथा विल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको जरुरी सूचना

नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को राजस्व नीति तथा कार्यक्रम अनुसार "सघन र प्रभावकारी अनुगमन मार्फत राजस्व चुहावटलाई नियन्त्रण गर्न एवं करदातालाई सहजीकरण गरी कर सहभागिता वृद्धि गर्न आर्थिक वर्ष २०७९/८० लाई वजार अनुगमन वर्षको रुपमा संचालन" गरिएको छ। वजार अनुगमनको लागि आन्तरिक राजस्व विभाग मातहतका आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुबाट कर अधिकृत सहितको टोली खटाइएको व्यहोरा जानकारी गराइन्छ।

अनुगमनको क्रममा कर परिपालन सम्बन्धी आवश्यक कागजात जाँच तथा रुजु गर्ने, कर सम्बन्धी विषयहरु जानकारी गराउने र कर परिपालन गरेको नदेखिएमा प्रचलित कर कानुन बमोजिम आवश्यक कारवाही हुनेछ। करदाताले आफूले पेश गर्नुपर्ने तथा पेश गरेको विवरण बमोजिम दाखिला गर्ने कर रकमको भुक्तानी राजस्व संकलन गर्ने बैंक वा अनलाइन भुक्तानी प्रणालीबाट मात्र हुने व्यवस्था भएकोले बैंक काउण्टर बाहेक राजस्व कार्यालय तथा कुनै पनि व्यक्ति तथा स्थानबाट नगद राजस्व बुझिलिने व्यवस्था नरहेको जानकारी गराइन्छ।

करदाताहरुले आफ्नो कारोबार सम्बद्ध हिसाव किताव अद्यावधिक राखि नियमानुसार विल बीजक जारी गरी व्यवसाय सञ्चालन गर्नु हुन अनुरोध छ। विक्रेता, खरिदकर्ता/उपभोक्ताहरुले आफूले खरिद विक्री गरेको वस्तु तथा सेवाको वास्तविक कारोबार मूल्य बमोजिमको विल लिनु दिनु हुन समेत अनुरोध छ।

*कर सम्बन्धी थप जानकारीको लागि आफू दर्ता रहेको कार्यालयमा सम्पर्क गर्नु हुन तथा विभागको वेभ साइट www.ird.gov.np हेर्नु हुन अनुरोध छ।*